फेदीखोला गाउँपालिका

# स्थानीय राजपत्र

गाउँ कार्यपालिकाको कार्यालयद्वारा प्रकाशित

❒खण्ड ४ ❒संख्या ७ ❒२०७७/०५/२५


गाउँ कार्यपालिकाबाट स्वीकृत : २०७७/०५/१५

प्रमाणिकरण : २०७७/०५/२१

## भाग २

# खानेपानी तथा सरसफाई उपभोक्ता समिति दर्ता तथा नवीकरण व्यवस्थापन कार्यविधि, २०७७


फेदीखोला गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय, स्याङ्जा


फेदीखोला गाउँपालिका स्याङ्जा

## परिच्छेद- १
## (संक्षिप्त नाम, प्रारम्भ र परिभाषा)

**१. संक्षिप्त नाम र प्रारम्भः-**

(१) यो कार्यविधिको नाम "**खानेपानी तथा सरसफाई उपभोक्ता समिति दर्ता तथा नवीकरण व्यवस्थापन कार्यविधि, २०७७"** रहेको छ।

(२) यो कार्यविधि तुरून्त लागू हुनेछ।

**२. परिभाषाः- विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा**

क) "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ सम्भन्नुपर्छ र फेदीखोला गाउँपालिकाको पूर्वाधार व्यवस्थापन ऐन २०७४ सम्भन्नुपर्छ।

ख) "कार्यविधि" भन्नाले खानेपानी तथा सरसफाई उपभोक्ता समिति दर्ता तथा नवीकरण व्यवस्थापन कार्यविधि, २०७६ लाई सम्भन्नुपर्छ।

ग) "गाउँपालिका" भन्नाले फेदीखोला गाउँपालिका सम्भन्नुपर्छ।

घ) "वडा" भन्नाले फेदीखोला गाउँपालिका भित्रका वडाहरू सम्भन्नुपर्छ।

ङ) "अध्यक्ष" भन्नाले गाउँपालिकाका अध्यक्षलाई सम्भन्नुपर्छ।

च) "उपाध्यक्ष" भन्नाले गाउँपालिकाका उपाध्यक्षलाई सम्भन्नुपर्छ।

छ) "उपभोक्ता समिति" भन्नाले यस कार्यविधि बमोजिम गठन गरिने खानेपानी तथा सरसफाई उपभोक्ता समितिलाई सम्भन्नुपर्छ।

ज) "वडाध्यक्ष" भन्नाले फेदीखोला गाउँपालिकाको सम्बन्धित वडा अध्यक्षलाई सम्भन्नुपर्छ।

झ) "दर्ता" भन्नाले यस कार्यविधि बमोजिम जलश्रोत(मूल) र खानेपानी तथा सरसफाई उपभोक्ता समिति दर्ता हुने प्रकृयालाई सम्भन्नुपर्छ।

ञ) "नवीकरण" भन्नाले दर्ता भई सके पछि वार्षिक रूपमा गरिने नवीकरणको प्रकृयालाई सम्भन्नुपर्छ।

ट) "जलश्रोत" भन्नाले खानेपानीको स्थायी श्रोत रहेको स्थानलाई सम्भन्नुपर्छ। जसले पानीको मूल पनि जनाउँछ।

## परिच्छेद- २
## (जलश्रोतको स्वामित्व र उपयोग व्यवस्था)

**३. जलश्रोतको स्वामित्वः-**

ऐन, कानून वा अन्य सन्धि सम्झौतामा उल्लेख भएको बाहेक नेपालको सरहद भित्र रहेको जलश्रोतको स्वामित्व नेपाल सरकारमा निहित हुनेछ ।

**४. जलश्रोतको उपयोगः-**

(१) ऐनले स्पष्ट व्यवस्था गरेको बाहेक यस कार्यविधि बमोजिम अनुमति नलिई वा प्राप्त नगरी कसैले पनि जलश्रोतको उपयोग गर्न पाउने छैन । तर यस अघि देखि परम्परागत रूपमा उपयोग गरी आएको वा प्रकृया पूरा गरी दर्ता भई उपयोग गरी आएको जलस्रोतको उपयोगको सम्बन्धमा यस कार्यविधिले बाधा पार्ने छैन ।

(२) उपदफा १ मा जे लेखिएको भएता पनि देहायको अवस्थामा अनुमति नलिएको कारण जलश्रोतको उपयोग गर्न बाधा पर्ने छैन ।

अ) निजी/घरेलु प्रयोजनको लागि खानेपानी उपयोग गर्न,

आ) निजी जग्गामा रहेको पानीको श्रोतबाट सिंचाई, खानेपानी तथा अन्य घरेलु प्रयोजनका लागि उपयोग गर्न ।

(३) जलश्रोतको उपयोग गर्न चाहने व्यक्ति वा संगठित संस्थाले परम्परागत रूपमा उपयोग गरी आएको जलश्रोत उपयोगमा कुनै बाधापर्ने छैन ।

## परिच्छेद- ३
## (खानेपानी तथा सरसफाई उपभोक्ता समिति गठन र दर्ता प्रकृया)

**५. खानेपानी तथा सरसफाईउपभोक्ता समिति गठनः-**

(१) यस कार्यविधि बमोजिम सामूहिक लाभका लागि संस्थागत रूपमा खानेपानी तथा सरसफाइ उपभोक्ता समिति गठन गर्न सकिनेछ ।

(२) उपभोक्ता समिति गठन गर्न चाहने उपभोक्ताहरूले खानेपानी उपयोग गर्ने लाभान्वित परिवारका कम्तिमा एक जना सदस्यको उपस्थिति एवं गाउँपालिका वा वडाको प्रतिनिधिको रोहवरमा भेला गर्नु पर्नेछ ।

(३) उक्त भेलाले सर्वसम्मत वा बहुमतद्वारा उपभोक्ताहरू मध्येबाट १ जना अध्यक्ष सहित कम्तिमा ७ सदस्यीय उपभोक्ता समिति गठन गर्नु पर्नेछ ।

(४) उपभोक्ता समिति गठन गर्दा अध्यक्ष, कोषाध्यक्ष वा सचिव मध्ये कुनै एक पदमा महिलालाई अनिवार्य समावेश गराई कूल सदस्य संख्याको कम्तिमा ३३ प्रतिशत महिला सदस्य अनिवार्य हुनु पर्नेछ।

(५) उपभोक्ता समिति गठन गर्दा एका घरपरिवारका एक सदस्य भन्दा बढी उक्त समितिमा रहन पाउने छैन।

(६) उपभोक्ता समितिको सदस्य पदमा निर्वाचित पदाधिकारी, बहालवाला कर्मचारी, शिक्षक वा लाभको पद धारण गरेका कुनै पनि व्यक्ति रहन सक्ने छैन। यसै गरी बेरूजु कायम रहेका र आर्थिक अनियमिततामा संलग्न व्यक्तिहरू समितिको सदस्यमा रहन सक्ने छैनन्।

(७) उपभोक्ता समिति सञ्चालनको छुट्टै विधान हुनुपर्नेछ।

**६. खानेपानी तथा सरसफाई उपभोक्ता समिति संगठित संस्था हुनेः-**

(१) खानेपानी तथा सरसफाई उपभोक्ता समिति अविछिन्न उत्तराधिकारवाला स्वशासित र संगठित संस्था हुनेछ।

(२) सम्बन्धित उपभोक्ता समितिले आफ्नो विधान निर्माण गरी गाउँपालिकाबाट स्वीकृत भए बमोजिम कार्यान्वयन गर्नुपर्नेछ।

(३) खानेपानी तथा सरसफाई उपभोक्ता समितिको सबै काम कारबाहीको निमित्त आफ्नो छुट्टै छापको प्रयोग हुनेछ।

(४) खानेपानी तथा सरसफाई उपभोक्ता समितिले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, खरिद विक्री गर्न वा अन्य किसिमले आवश्यक व्यवस्था गर्न सक्नेछ।

(५) खानेपानी तथा सरसफाई उपभोक्ता समितिले व्यक्ति सरह उजुर गर्न र उपभोक्ता समिति उपर समेत उजुर लाग्न सक्नेछ।

**७. खानेपानीको प्राथमिकता तोकिनेः-**

**जलश्रोतको उपयोग गर्दा सामान्यतया देहायबमोजिम प्राथमिकता निधार्रण गर्नु पर्नेछ।**

क) खानेपानी र घरेलु उपयोग,

ख) सिंचाई

ग) पशु तथा मत्स्यपालन जस्ता कृषिजन्य उपयोग

घ) जलविद्युत

ङ) घरेलु उद्योग
च) औद्योगिक व्यवसाय तथा खानीजन्य उपयोग
छ) जल यातायात र आमोद प्रमोदजन्य उपयोग
ज) अन्य

**८. उपभोक्ता समिति दर्ताको लागि आवश्यक कागजात सहित दरखास्त दिनु पर्नेः-**

१) दफा ५ को उपदफा १ बमोजिम गठन गरिएको उपभोक्ता समितिलाई संस्थागत रूपमा दर्ता गर्ने उपभोक्ताहरूले ३ प्रति उपभोक्ता समितिको विधान सहित अनुसूची १ बमोजिमको ढाँचामा गाउँपालिकामा निवेदन दिनु पर्नेछ।

२) खानेपानी तथा सरसफाई उपभोक्ता समितिले पेश गर्ने विधानमा अन्य कुराहरूका अतिरिक्त कम्तिमा देहायका कुराहरू अनिवार्य उल्लेख गरेको हुनु पर्नेछ।

क) उपभोक्ता समितिको पूरा नाम र ठेगाना
ख) उद्देश्य, कार्यक्षेत्र,
ग) खानेपानीको मुहान (स्रोत) उपयोग सम्बन्धमा जग्गा धनीसँग भएको सम्झौता
घ) सदस्यको लागि आवश्यक योग्यता
ङ) सदस्यता शुल्क
च) सदस्यको निस्कासन र राजिनामा
छ) हक दाबी, नामसारी, हकवालाको मनोनयन
ज) उपभोक्ता समितिको बैठक र साधरण सभा सम्बन्धी व्यवस्था
झ) कार्य समितिका सदस्यहरूको निर्वाचन, काम, कर्तव्य र अधिकार
ञ) कार्य समितिको वहाल र पदावधि
ट) कोष र लेखा परीक्षण व्यवस्था
ठ) विधान संशोधन
ड) विघटन
ढ) विविध

३) खानेपानी तथा सरसफाई उपभोक्ता समिति संस्थागत रूपमा दर्ता गर्न चाहने उपभोक्ता समितिले निम्नानुसार कागजात संलग्न गरी पेश गरेको हुनु पर्नेछ।

क) अनुसूची १ बमोजिमको निवेदन,
ख) उपभोक्ता समितिका कार्यकारी सदस्यहरूले प्रत्येक पृष्ठको तल र माथि दुबैतिर दस्तखत गरेको प्रमाणित ३ प्रति विधान,

ग) समितिको सदस्यको नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि ( प्रतिलिपिमा सम्बन्धित व्यक्तिले दस्तखत गरी प्रमाणित गरेको हुनु पर्ने,

घ) उपभोक्ताहरूको आम भेलाले उपभोक्ता समिति गठन गरेको निर्णयको प्रमाणित प्रतिलिपि,

ङ) जलश्रोत रहेको तथा उपयोग गरिने क्षेत्रको अवस्था झल्किने नक्सा,

च) गाउँपालिकाले तोकेबमोजिम दस्तुर बुझाएको नगदी रसिद,

छ) खानेपानी श्रोत तथा उपभोक्ता समिति गठनमा कुनै विवाद छैन भन्ने वडा कार्यालयको सिफारिस पत्र

**९. उपभोक्ता समिति दर्ताको लागि आवश्यक कागजात सहित दरखास्त दिनु पर्नेः-**

१) दफा ५ को उपदफा १ बमोजिम गठन गरिएको उपभोक्ता समितिलाई संस्थागत रूपमा दर्ता गर्ने उपभोक्ताहरूले ३ प्रति उपभोक्ता समितिको विधान सहित अनुसूची १ बमोजिमको ढाँचामा गाउँपालिकामा निवेदन दिनु पर्नेछ।

२) खानेपानी तथा सरसफाई उपभोक्ता समितिले पेश गर्ने विधानमा अन्य कुराहरूका अतिरिक्त कम्तिमा देहायका कुराहरू अनिवार्य उल्लेख गरेको हुनु पर्नेछ।

क) उपभोक्ता समितिको पूरा नाम र ठेगाना

ख) उद्देश्य, कार्यक्षेत्र,

ग) खानेपानीको मुहान (स्रोत) उपयोग सम्बन्धमा जग्गा धनीसँग भएको सम्झौता

घ) सदस्यको लागि आवश्यक योग्यता

ङ) सदस्यता शुल्क

च) सदस्यको निस्काशन र राजिनामा

छ) हक दाबी, नामसारी, हकवालाको मनोनयन

ज) उपभोक्ता समितिको बैठक र साधरण सभा सम्बन्धी व्यवस्था

झ) कार्य समितिका सदस्यहरूको निर्वाचन, काम, कर्तव्य र अधिकार

ञ) कार्य समितिको वहाल र पदावधि

ट) कोष र लेखा परीक्षणको व्यवस्था

ठ) विधान संशोधन

ड) विघटन

ढ) विविध

३) खानेपानी तथा सरसफाई उपभोक्ता समिति संस्थागत रूपमा दर्ता गर्न चाहने उपभोक्ता समितिले निम्नानुसार कागजात संलग्न गरी पेश गरेको हुनु पर्नेछ ।

क) अनुसूची १ बमोजिमको निवेदन,

ख) उपभोक्ता समितिका कार्यकारी सदस्यहरूले प्रत्येक पृष्ठको तल र माथि दुवै तिर दस्तखत गरेको प्रमाणित ३ प्रति विधान,

ग) समितिको सदस्यको नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि ( प्रतिलिपिमा सम्बन्धित व्यक्तिले दस्तखत गरी प्रमाणित गरेको हुनु पर्ने,

घ) उपभोक्ताहरूको आम भेलाले उपभोक्ता समिति गठन गरेको निर्णयको प्रमाणित प्रतिलिपि,

ङ) जलश्रोत रहेको तथा उपयोग गरिने क्षेत्रको अवस्था झल्किने नक्सा,

च) गाउँपालिकाले तोकेबमोजिम दस्तुर बुझाएको नगदी रसिद,

छ) खानेपानी श्रोत तथा उपभोक्ता समिति गठनमा कुनै विवाद छैन भन्ने वडा कार्यालयको सिफारिस पत्र

**१०. खानेपानी तथा सरसफाई उपभोक्ता समिति दर्ताका लागि सिफारिस गर्न उप-समिति गठन गर्न सकिनेः-**

(१) खानेपानी तथा सरसफाई उपभोक्ता समिति गठन तथा खानेपानीको स्रोत विवाद रहित हुनु पर्नेछ । उपभोक्ता समिति गठन तथा खानेपानीको उपयोगका सम्बन्धमा आवश्यक अध्ययन गरी राय सुझावसहित सिफारिस गर्न गाउँपालिकाले छुट्टै उप-समिति गठन गर्न सक्नेछ ।

(२) जलश्रोतको उपयोग तथा उपभोक्ता समिति गठन सम्बन्धमा आवश्यक अध्ययन गरी राय सुझाव सहित सिफारिस पेश गर्ने प्रयोजनको लागि देहाय बमोजिम उप समिति गठन गर्न सकिनेछ ।

क) सम्बन्धित वडाका अध्यक्ष -संयोजक

ख) गाउँपालिकाको सामाजिक विकास समितिको संयोजक वा कार्यपालिकाले तोकेको सो समितिको सदस्य-सदस्य

ग) गाउँपालिकाका कृषि शाखा प्रमुख -सदस्य

घ) गाउँपालिका हेर्ने गरी तोकिएको सब डिभिजन वन कार्यालयका इकाई प्रमुख -सदस्य

ङ) सम्बन्धित कार्य सम्पादन गर्ने गरी तोकिएको कर्मचारी -सदस्य-सचिव

**११. जलश्रोत उपयोगको लागि सार्वजनिक सूचना प्रकाशित गर्नु पर्नेः-**

(१) दफा ८ को उपदफा ३ बमोजिम आवश्यक कागजात सहित उपभोक्ता समिति मार्फत खानेपानी तथा सरसफाई उपभोक्ता समिति दर्ताको लागि कागजात पेश हुन आए पछि गाउँ कार्यपालिकाको कार्यालयले खानेपानी मूल दर्ताको निवेदन मुख्य दर्ता किताबमा दर्ता गरी सम्बन्धित सबैको जानकारीका लागि १ प्रति सम्बन्धित वडा कार्यालयमा र अर्को १ प्रति सम्बन्धित जलश्रोत (मूल) रहेको क्षेत्र नजिक बस्तीमा टाँस गर्ने गरी ३० दिने सार्वजनिक सूचना पठाउनु पर्नेछ । सूचनाको ढाँचा अनुसूची २ बमोजिम हुनेछ ।

(२) गाउँ कार्यपालिकाको कार्यालयबाट ३० दिने सूचना प्राप्त हुन आए पछि वडा सचिवले सूचना टाँसेको देखि जान्ने कम्तिमा ५ जनाको रोहवरमा वडा कार्यालयको सूचना पाटीमा टाँस गरी मुचुल्का सहित गाउँ कार्यपालिकाको कार्यालयमा जानकारी पठाउनु पर्नेछ ।

**१२. खानेपानी तथा सरसफाई उपभोक्ता समिति दर्ता प्रकृया तथा श्रोत उपयोगमा उजुरी दिन सकिनेः-**

(१) यसरी सूचना टाँस भए पछि उपभोक्ता समिति गठन प्रकृया र स्रोत जल(मूल)का सम्बन्धमा कोही कसैको कुनै गुनासो वा उजुरी भएमा सूचना टाँस अवधि अर्थात ३० भित्र दिन प्रमाण सहित गाउँ कार्यपालिकाको कार्यालयमा उजुरी दिन सकिनेछ ।

**१३. उजुरी उपर सुनुवाई र उजुरी किनारा लगाउनेः-**

(१) यसरी परेको उजुरी उपर आवश्यक छानविन गरी निरूपण गर्ने दायित्व गाउँपालिकाको न्यायिक समितिको हुनेछ ।

(२) न्यायिक समितिमा परेको उजुरी उपर ३० दिन भित्रे छिनोफानो गरिसक्नु पर्नेछ ।

**१४. पुनरावेदन दिन सकिनेः-**

(१) न्यायिक समितिले छिनोफानो गरेको मुद्दा सम्बन्धमा चित्त नबुझ्ने पक्षले जिल्ला अदालतमा पुनरावेदन दिन सक्नेछ ।

**१५. खानेपानी तथा सरसफाई उपभोक्ता समिति दर्ताः-**

(१) रितपूर्वकको निवेदन उपर आवश्यक सवै प्रकृया पूरा भएपछि गाउँ कार्यपालिकाको बैठकले खानेपानी तथा सरसफाई उपभोक्ता समिति दर्ता सम्बन्धी निर्णय गर्न सक्नेछ ।

(२) कार्यपालिकाको बैठकबाट जलश्रोत(मूल) दर्ता सम्बन्धमा निर्णय भई सकेपछि प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत कर्मचारीले निर्णयानुसार अनुसूची ३ बमोजिमको ढाँचामा खानेपानी तथा सरसफाई उपभोक्ता समितिको दर्ता प्रमाण पत्र जारी गर्नुपर्छ ।

(३) दर्ता प्रमाण पत्रको आवश्यक शुल्क गाउँपालिकाले तोकेबमोजिम हुनेछ ।

**१६. खानेपानी तथा सरसफाई उपभोक्ता समितिले दर्ता नवीकरण गर्नु पर्नेः-**

(१) दर्ता भएको खानेपानी तथा सरसफाई उपभोक्ता समितिको दर्ता प्रमाण प्रत्येक पत्र आर्थिक वर्ष समाप्त भएको ६ महिना भित्र नवीकरण गर्नु पर्नेछ ।

(२) दर्ता नवीकरण गर्दा देहाय बमोजिम कागजात पेश गर्नु पर्नेछ ।

(क) उपभोक्ता समितिका अध्यक्ष वा सचिवको नवीकरण गरी पाउँ भन्ने १ प्रति निवेदन,

(ख) उपभोक्ता समितिको बैठकबाट नवीकरण गर्ने गराउने सम्बन्धमा भएको निर्णय प्रतिलिपि १ प्रति,

(ग) दर्ता प्रमाण पत्रको १ प्रति प्रतिलिपि,

(घ) वार्षिक आय व्यय सहितको लेखा परिक्षण प्रतिवेदन १ प्रति,

(ङ) सम्बन्धित वडा कार्यालयको सिफारिस

(३) उपभोक्ता समितिको नवीकरण दस्तुर गाउँपालिकाले तोके बमोजिम हुनेछ ।

(४) तोकिएको समय अवधि भित्र दर्ता नवीकरण गर्न नआउने उपभोक्ता समितिलाई गाउँपालिकाले तोके बमोजिमको विलम्ब दस्तुर लिई नवीकरण गर्न सक्नेछ । तर

यो कार्यविधि स्वीकृत भएको ३ महिना भित्र सूचना जारी गरी सूचना जारी गरिएको अवधि भित्र आउने उपभोक्ता समितिको दर्ता नवीकरणमा भने विलम्ब दस्तुर लाग्ने छैन।

## परिच्छेद- ४

## (सेवा, शुल्क र दण्ड जरिवाना)

**१७. खानेपानी तथा सरसफाई उपभोक्ता समितिले सेवा उपयोगका शर्तहरू तोक्न र सेवा शुल्क असुल उपर गर्न पाउनेः-**(१) उपभोक्ता समितिले आफूले संचालन गरेको खानेपानी आयोजनाको नियमित मर्मत संभार र हेरचाहको लागि लाभान्वित उपभोक्ताहरूसँगको आपसी सल्लाह र सहमतिमा सेवा शुल्क निर्धारण गर्ने, संकलन गर्ने तथा सेवा उपयोगका शर्तहरू तोक्न तथा आवश्यकतानुसार दण्ड जरिवना तोक्न तथा असुल उपर गर्न सक्नेछ।

**१८. गाउँपालिकाले उपभोक्ता समितिसँग वार्षिक सेवा शुल्क लिन सक्ने।**

(१) गाउँपालिकाले खानेपानी उपयोग गर्ने जनसंख्या र आम्दानीको आधारमा खानेपानी तथा सरसफाई उपभोक्ता समितिसँग वार्षिक सेवा शुल्क निर्धारण गरी लिन
सक्नेछ।

(२) सेवा शुल्क गाउँपालिकाले तोके बमोजिम हुनेछ।

**१९. सेवा रोक्न सकिनेः-**

(१) उपभोक्ता समितिले तोके बमोजिमको सेवा शुल्क नतिर्ने उपभोक्ताहरूलाई उपभोक्ता समितिले र तोकिए बमोजिमको सेवा शुल्क नतिर्ने उपभोक्ता समितिलाई गाउँपालिकाले प्रदान गर्दै आएको सेवा रोक्न सक्नेछ।

(२) यसरी रोक्का गरिएकोमा सम्बन्धित उपभोक्ता वा उपभोक्ता समितिले तोकिए बमोजिमको सेवा शुल्क तिरे पछि सेवा पुनः सुचारू गर्न सकिनेछ।

## परिच्छेद- ५
## (खानेपानी संरचना निर्माण र आवश्यक प्रकृया)

**२०. खानेपानी तथा सरसफाई उपभोक्त समितिले खानेपानी तथा सरसफाई सम्बन्धी संरचना निर्माण गर्न सक्नेः-**

खानेपानी तथा सरसफाई उपभोक्ता समितिले खानेपानी तथा सरसफाईसँग सम्बन्धित भौतिक पूर्वाधार निर्माण गर्न सक्नेछ । यसरी निर्माण गर्दा त्यस अघि निर्माण भई सकेका वा निर्माणाधिन अवस्थामा रहेका भौतिक पूर्वाधार निर्माणलाई कुनै असर पुऱ्याउन पाईने छैन ।

**२१. अरूको घर जग्गामा प्रवेश गर्न सक्नेः-**

(१) खानेपानी तथा सरसफाई उपभोक्ता समितिले आयोजना सञ्चालनको लागि आवश्यक परेमा सम्बन्धित घर तथा जग्गा धनीको अनुमति वा सहमति लिई प्रवेश गर्न पाउने छ ।

(२) कसैको घर जग्गा उपयोग गर्नु पर्ने भएमा उपभोक्ता समितिले सम्बन्धित व्यक्तिलाई उचित क्षतिपूर्ति दिनु पर्नेछ ।

(३) उपभोक्ता समितिले आवश्यक पर्ने कार्यको लागि उपलब्ध गराउने क्षतिपूर्ति गाउँपालिकाले व्यहोर्न बाध्य हुने छैन ।

**२२. खानेपानीसँग सम्बन्धित संरचनाहरूको मर्मत तथा सुरक्षाः-**

(१) उपभोक्ता समिति मार्फत निर्माण गरिएका खानेपानी तथा सरसफाईसँग सम्बन्धित भौतिक संरचनाहरू नियमित मर्मत संहार तथा सुरक्षा गर्ने जिम्मेवारी उपभोक्ता समिति र उपभोक्ताहरूको हुनेछ ।

(२) उपभोक्ता समिति मार्फत निर्माण गरिएका खानेपानी तथा सरसफाईसँग सम्बन्धित भौतिक संरचनाहरूको सुरक्षा गर्ने दायित्व सम्बन्धित गाउँपालिकाको समेत हुनेछ ।

## परिच्छेद- ६
## विविध

**२३. खानेपानी तथा सरसफाई उपभोक्ता समितिले खानेपानीको गुणस्तरीयता कायम गर्नु पर्नेः-**

मानव जीवनको लागि अति आवश्यक पर्ने र आम उपभोक्ताको स्वास्थ्यसँग प्रत्यक्ष सरोकार राख्ने खानेपानीको गुणस्तरियताको सवालमा खानेपानी तथा सरसफाई उपभोक्ता समिति अत्यन्त सजग हुनु पर्नेछ । समय समयमा खानेपानीको गुणस्तरियताको जाँच तथा गुणस्तरियता कायम गर्नु सम्बन्धित खानेपानी तथा सरसफाई उपभोक्ता समितिको कर्तव्य हुनेछ ।

**२४. खानेपानी श्रोतमा प्रदूषित गर्न नहुनेः-**

खानेपानीको श्रोत तथा वरपरको क्षेत्रमा प्रदूषित गर्न पाईने छैन । यसरी प्रदूषित गरे गराएमा प्रदूषित गर्ने गराउनेलाई गाउँपालिकाले नियमानुसार कारवाही गर्नेछ ।

**२५. खानेपानी तथा सरसफाई उपभोक्ता समितिको दर्ता प्रमाण पत्रको स्वामित्व तथा हक हस्तान्तरण तथा विक्री वितरण नहुनेः-**

(१) यस कार्यविधि बमोजिम दर्ता भएको खानेपानी तथा सरसफाई उपभोक्ता समितिको दर्ता प्रमाण पत्र सम्बन्धित उपभोक्ता समिति बाहेक अन्यत्र स्वामित्व तथा हक हस्तान्तरण र विक्री वितरण गर्न पाईने छैन ।

**२६. उपभोक्ता समितिको कार्यक्षेत्र विस्तार हुन सक्नेः-**

(१) दर्ता भएको उपभोक्ता समितिले आवश्यकता अनुसार विधानमा उल्लेख भए बमोजिम आफनो कार्य क्षेत्र विस्तार गर्न सक्नेछ ।

(२) उपभोक्ता समितिले आफ्नो कार्यक्षेत्र विस्तार गर्न गाउँपालिकाको अनुमति लिनु पर्नेछ ।

(३) दर्ता भएको उपभोक्ता समितिले कार्यक्षेत्र विस्तार गर्न देहाय बमोजिम आवश्यक कागजात पेश गरी रितपूर्वक गाउँपालिकामा निवेदन दिनुपर्दछ ।

(क) कार्यक्षेत्र विस्तार गर्नु पर्नाका कारण र औचित्य सहित साधारण सभाले पारित गरेको निर्णय,

(ख) उपभोक्ता समितिको बैठकको निर्णय,

(ग) उपभोक्ता समितिको दर्ताप्रमाण पत्रको प्रतिलिपि,

(घ) उपभोक्ता समितिको स्वीकृत विधान १ प्रति

(ङ) नियमानुसार शुल्क तिरेको नगदी रसिद,

(४) रितपूर्व कार्यक्षेत्र विस्तारको लागि गाउँपालिकामा निवेदन पेश हुन आए पछि विस्तार गरिने कार्यक्षेत्र र कायम गरिने जलश्रोत (मूल) समेतको विवरण उल्लेख गरी विस्तार गर्न लागिएको सम्बन्धित कार्यक्षेत्र र वडा कार्यालयमा १/१ प्रति ३० दिने सूचना गर्न टाँस पत्र सहित पठाउनु पर्नेछ । वडा कार्यालयबाट सूचना टाँस गरेको सार्वजनिक मुचुल्काको सहित जानकारी गाउँपालिकामा पठाउनु पर्नेछ ।

(५) यसरी सूचना टाँसको जानकारी प्राप्त भए पश्चात कुनै उजुरी पर्न नआएमा विस्तारित जलश्रोत क्षेत्र र कार्यक्षेत्र समेत कायम गरी गाउँपालिकाबाट निर्णय गर्न सकिनेछ । गाउँपालिकाले आवश्यकता महसुस गरेमा उप समितिको सिफारिस समेत माग गर्न सक्नेछ ।

(६) कुनै उजुरी पर्न आएमा सो उजुरी उपर गाउँपालिकाको न्यायिक समितिमा छलफल हुँदा उजुर गर्ने पक्षले उजुरी फिर्ता गरेमा वा मिलापत्र गरेमा खानेपानी उपभोक्ता समिति दर्ता गर्न बाधा पर्ने छैन ।

**२७. जिल्ला जलश्रोत समितिबाट दर्ता भई सकेका खानेपानी तथा सरसफाई उपभोक्ता समिति दर्ता नवीकरण गर्नुपर्नेः-**

(१) यो कार्यविधि स्वीकृत भए पश्चात एक पटकका लागि गाउँपालिकाले जिल्ला जलश्रोत समितिको सचिवालयबाट यस अघि दर्ता भई कार्यान्वयनमा रहेका आफ्नो गाउँपालिका क्षेत्र भित्रका सबै खानेपानी तथा सरसफाई उपभोक्ता समितिहरूलाई नवीकरणको लागि आवेदन दिनका लागि १ महिने सूचना जारी गर्नु पर्नेछ ।

(२) सूचना जारी भए पश्चात यस अघि दर्ता भई कार्यान्वयमा रहेका खानेपानी तथा सरसफाई उपभोक्ता समितिहरूले सम्बन्धित गाउँपालिकामा दर्ता प्रमाण पत्रको प्रतिलिपि सहित नवीकरणको आवेदन दिनु पर्नेछ ।

**२८. खारेजीः-**

(१) संघीय एवं प्रदेश कानूनले अन्यथा व्यवस्था गरेमा यो कार्यविधि स्वतः खारेज भएको मानिनेछ।

(२) यस कार्यविधिमा उल्लेख भएका व्यवस्थाहरू नेपालको प्रचलित कानूनसँग बाझिन गएमा बाझिएको हदसम्म स्वतः निस्कृय हुनेछ।

**अनुसूची- १**

**(दफा (८) को उपदफा(१) बमोजिम)**

**(उपभोक्ता समितिको तर्फबाट पेश गर्ने निवेदनको ढाँचा**

**श्रीमान् अध्यक्ष ज्यू,**
**फेदीखोला गाउँपालिका**
**फेदीखोला, स्याङ्जा।**

**महोदय,**

हामीले.......................................खानेपानी तथा सरसफाई उपभोक्ता समिति गठन गरी संस्थागत रूपमा दर्ता गर्न चाहेकोले फेदीखोला गाउँपालिकाको खानेपानी तथा सरसफाई उपभोक्ता समिति दर्ता तथा नवीकरण व्यवस्थापन कार्यविधि बमोजिम उपभोक्ता समिति दर्ताको लागि अनुरोध छ।

**विवरण**

**१) उपभोक्ता समितिको नामः-**
**२) कार्य क्षेत्र ः-**
**३) कार्य उद्देश्यहरूः-**
**४) कार्य समितिका तदर्थ सदस्यहरू**

| क्र.स. | पदाधिकारीहरूको नाम,थर | ठेगाना | पद | पेशा | सम्पर्क नं. | दस्तखत | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | | | अध्यक्ष | | | | |
| २ | | | उपाध्यक्ष | | | | |
| ३ | | | कोषाध्यक्ष | | | | |
| ४ | | | सचिव | | | | |
| ५ | | | सदस्य | | | | |
| ६ | | | सदस्य | | | | |
| ७ | | | सदस्य | | | | |
| ८ | | | सदस्य | | | | |
| ९ | | | सदस्य | | | | |

आवश्यकता अनुसार राख्न सकिने

**५) उपयोग गरिने जलश्रोतको विवरण**

क) जलश्रोत(मूल)रहेको ठाउँको नाम र श्रोतको नामः

ख) जलश्रोत रहेको श्रोतको किसिमः

ग) जलश्रोतबाट गरिने प्रयोगः

घ) जलश्रोत उपयोग गर्न चाहेको परिमाण खुलाउनेः

ङ) जलश्रोतको हाल प्रयोगको अवस्थाः

च) स्रोत रहेको जग्गा धनीसँग भएको सम्झौता (स्रोत भएको जग्गा निजी भएमा)

**६) उपभोक्ता समितिले पुऱ्याउन चाहेको सेवा सम्बन्धी विवरण**

क) सेवाको किसिमः

ख) सेवा पुऱ्याउने क्षेत्रः

ग) सेवाबाट लाभान्वित हुने घर परिवार सख्याः- ......... जनसंख्याः- .........

घ) भविष्यमा सेवा विस्तार गर्न सकिने वा नसकिनेः

**७) आर्थिक श्रोतको विवरण**

**८) कार्यालय रहने ठेगानाः**

**९) संलग्न कागजात**

(क) उपभोक्ता समितिको विधान

(ख) उपभोक्ता समितिको पदाधिकारीहरूको नागरिकताको प्रतिलिपि

(ग) आम भेलाबाट उपभोक्ता समिति गठन सम्बन्धी निर्णयको प्रतिलिपि

(घ) जलश्रोत(मूल) रहेको तथा उपयोग गरीने क्षेत्रको अवस्था झल्किने नक्सा

(ङ) गाउँपालिका दर्ता बापत दस्तुर बुझाएको नगदी रसिद

(च) खानेपानीको श्रोत तथा उपभोक्ता समिति गठनमा कुनै विवाद छैन भनी वडा कार्यालयले गरेको सिफारिस समितिः

**निवेदक**

दस्तखतः

नामः

पदः

ठेगानाः

सम्पर्क नं.ः

## अनुसूची- २
## (दफा (१०) को उपदफा(१) बमोजिम)
## (गाउँपालिकाको खानेपानी उपभोक्ता दर्तासम्बन्धी ३० दिने सार्वजनिक सूचना)

फेदीखोला गाउँपालिका अन्तर्गत वडा नं. .......... मा रहेको ........................................... श्रोतको पानी ......................... बाट श्रोत उपयोग गर्ने गरी फेदीखोला गाउँपालिका वडा नं............को ............................. गाउँ/वस्तीहरूमा शुद्ध पिउने पानी आपूर्तिका लागि आयोजना संचालन तथा व्यवस्थापन गर्न श्री............................ को अध्यक्षतामा उपभोक्ता समिति गठन गरी श्री ................................. खानेपानी तथा सरसफाई उपभोक्ता समिति संस्थागत रूपमा दर्ता गर्न भनी आवश्यक कागजात सहित यस कार्यालयमा निवेदन पेश हुन आएको छ । यस सम्बन्धमा उपभोक्ता समिति गठन तथा जलश्रोतको उपयोगका सम्बन्धमा कोही कसैको उजुरी तथा गुनासो छ भने प्रमाण सहित सूचना प्रकाशित भएको मितिले ३० दिन भित्र फेदीखोला गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयमा निवेदन दिनु हुन सम्बन्धित सबैको जानकारीका लागि यो ३० दिने सार्वजनिक सूचना जारी गरिएको छ । सूचना अवधी भर कारण सहित निवेदन पेश हुन नआएमा सम्बन्धित उपभोक्ता समिति दर्ता हुने र यस विषयमा सुनुवाई पछि नहुने व्यहोरा समेत यसै सूचना मार्फत् जानकारी गराइन्छ ।

प्रमुख प्रशासकीय अधिकृत

## अनुसूची-३
## (खानेपानी तथा सरसफाई उपभोक्ता समिति दर्ता गरी उपलब्ध गराईने प्रमाण पत्रको ढाँचा)

### फेदीखोला गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
### फेदीखोला, स्याङ्जा

### खानेपानी तथा सरसफाई उपभोक्ता समिति दर्ता प्रमाण-पत्र

दर्ता नंः-.......................
दर्ता मिति -ः ................................

श्री ........................................................... खानेपानी तथा सरसफाई उपभोक्ता समिति,
फेदीखोला गाउँपालिका वडा नं. .....
.................................., स्याङ्जा ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उप दफा २ को(ध) वमोजिम यस गाउँपालिकाबाट स्वीकृत खानेपानी तथा सरसफाई उपभोक्ता समिति दर्ता तथा नवीकरण व्यवस्थापन कार्यविधि, २०७७ बमोजिम फेदीखोला गाउँपालिकाको मिति .......................................... को गाउँ कार्यपालिकाको बैठकको निर्णय अनुसार वि.सं. ...................... साल ............ महिना ........... गतेमा यस कार्यालयमा दर्ता गरी यो प्रमाण पत्र प्रदान गरिएको छ । विधान बमोजिम आफ्ना कार्यहरू संचालन गर्नु होला ।
(जलश्रोतको नाम......................................................................................)

**दर्ता प्रमाण पत्र जारी गर्ने अधिकारीको**

दस्तखत.......................
नाम.......................
पद.......................
मिति.......................

## अनुसूची-४
## (खानेपानी तथा सरसफाई उपभोक्ता समिति दर्ता नवीकरण पत्रको ढाँचा)
## फेदीखोला गाउँपालिका
## गाउँ कार्यपालिको कार्यालय
## फेदीखोला, स्याङ्जा ।

खानेपानी तथा सरसफाइ उपभोक्ता समितिको नामः-

ठेगानाः-

प्रमाण पत्र दर्ता -नं.ः

प्रमाण पत्र दर्ता मितिः-

| दर्ता नं. | नवीकरणको विवरण | नवीकरण मिति | नवीकरण वहाल रहने अवधि | नवीकरण दस्तुर | नवीकरण गर्ने अधिकारीको दस्तखत | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

**नोटः**

१) जुन आ.व.मा नवीकरण गरिएको हो सोही आ.व. को आषाढत मसान्सम्म मात्र वहाल रहने अवधि कायम हुनेछ ।

२) नवीकरण गर्दा प्रत्येक आ.व.समाप्त भएको ६ महिना भित्र गरिसक्नु पर्दछ ।

३) आ.व. समाप्त भएको ६ महिना भित्र नवीकरण नगरेमा नियमानुसार विलम्व दस्तुर लाग्नेछ ।

# अनुसूची-५

## (खानेपानी तथा सरसफाई उपभोक्ता समिति दर्ता नवीकरण पुस्तिकाको ढाँचा)

## फेदीखोला गाउँपालिका

## गाउँ कार्यपालिकको कार्यालय

फेदीखोला, स्याङ्जा ।

| क्र.स. | प्रमाण पत्र दर्ता | | नवीकरण गरिएको उपभोक्ता समिति | | | नवीकरण वहाल रहने अवधि | | नवीकरण शुल्क | नवीकरणको लागि पेश गर्नेको नाम | पेश गर्ने कर्मचारी | प्रमाणित गर्ने अधिकारी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | दर्ता नं. | मिति | नवीकरण मिति | उपभोक्ता समितिको नाम | ठेगाना | देखि | सम्म | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |

आज्ञाले
नन्दलाल शर्मा
प्रमुख प्रशासकिय अधिकृत